राष्ट्रिय महिला आयोगमा पदाधिकारीहरुको पदवहाली पश्चात्को एक वर्षभित्र सम्पन्न भएका कार्यहरु

(२०७७ माघ २१ देखि २०७८ माघ २० सम्म)

**आयोगमा पदाधिकारीहरूको नियुक्तिः**

मिति २०७७ माघ २१ गते

१. श्री कमला कुमारी पराजुली - माननीय अध्यक्ष

२. श्री कृष्ण कुमारी पौडेल खतिवडा - माननीय सदस्य

३. श्री विद्या कुमारी सिन्हा - माननीय सदस्य

मिति २०७८ असार १० गते

४. श्री जया घिमिरे - माननीय सदस्य

५. श्री सावित्रा कुमारी शर्मा - माननीय सदस्य

आयोगका माननीय अध्यक्ष तथा सदस्यको नेतृत्वका टोलीले सात प्रदेशका ४७ जिल्लाहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन

| **प्रदेश** | **जिल्ला** |
|---|---|
| प्रदेश नं १ | सुनसरी, झापा, मोरङ्ग, इलाम, पाँचथर,संखुवासभा, धनकुटा, भोजपुर, उदयपुर (९) |
| मधेश प्रदेश | सर्लाही, धनुषा, महोत्तरी, पर्सा, बारा, रौतहट, सिरहा, सप्तरी (८) |
| बागमती प्रदेश | काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ्ग, चितवन, मकवानपुर, दोलखा, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट (११) |
| गण्डकी प्रदेश | नवलपुर, बाग्लुङ्ग, कास्की, तनहुँ, लमजुङ्ग (५) |
| लुम्बिनी प्रदेश | रूपन्देही, कपिलवस्तु, दाङ, रोल्पा, प्युठान, नवलपरासी, बाँके, बर्दिया, रोल्पा (९) |
| कर्णाली प्रदेश | सुर्खेत (१) |
| सुदूर-पश्चिम प्रदेश | बैतडी, कञ्चनपुर,डोटी, कैलाली (४) |

**राष्ट्रिय महिला आयोगबाट सञ्चालित कार्यक्रमहरु**

- **महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम** : १६ वटा विद्यालयहरुमा १२२० विद्यालय र शिक्षकहरुमा पुगेको
- **स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरुबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास विषयक अन्तरक्रिया कार्यक्रमः** ११ वटा जिल्लामा पुगेको
- अन्य विभिन्न विषयहरुमा २४ वटा विविध कार्यक्रमहरु सञ्चालन गरिएको
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा सात प्रदेशमा १८ वटा कार्यक्रमहरु सञ्चालन गरिएको

## कानूनी तथा नीतिगत सुधार

- खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न १७ वटा पदको अस्थायी दरबन्दी सृजना:
- राष्ट्रिय महिला आयोग नियमावली, २०७८
- राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८
- राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८
- आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरुको आचरण
- तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/७९-८२/८३) मस्यौदा परिमार्जन

## अध्ययन तथा अनुसन्धान

1. रोजगारीका अवसरमा महिलाहरूको पहुँच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन ।
2. मुलुकी देवानी संहिता २०७४ तथा मुलुकी अपराध संहिता २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी अध्ययन ।
3. संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन ।

## प्रकाशन सम्बन्धी कार्यहरू

1. संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति समक्ष नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि समितिले दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन प्रतिवेदन (नेपाली र अंग्रेजी) तयार तथा प्रकाशन ।
2. महिलासँग सरोकार राख्ने कानूनहरूको जानकारीमूलक पुस्तिका प्रकाशन ।
3. राष्ट्रिय महिला आयोगको ऐनको सँगालो (नेपाली र अंग्रेजी) प्रकाशन ।
4. महिला हक,अधिकार प्रवर्द्धन र घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धमा जानकारीमुलक ब्रोस्योर, पमप्लेट, लिफलेट आदिको प्रकाशन गरिएको ।
5. हानिकारक परम्परागत अभ्यासहरु (बालविवाह,छाउपडी, तिलक, दाइजो, लिङ्ग पहिचान गरी गरिने गर्भपतन आदि) विरुद्धको सचेतनामूलक सामग्री।

## नेपाल सरकारका विभिन्न निकायलाई दिएको सुझाव तथा सिफारिस

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; अर्थ मन्त्रालय, गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; युवा तथा खेलकुद मन्त्रालय; तथ्यांक विभाग; नेपाल राष्ट्र बैक; नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

- ✓ कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा हुने निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागिस उच्चस्तरीय समिति र सरोकारवालाहरूबीच छलफल
- ✓ महिलाको अवस्थासम्बन्धी प्रतिवेदन तयारीको क्रममा

## स्थलगत अनुगमनसम्बन्धी विवरण

- माननीय पदाधिकारीज्यूहरुले विभिन्न गम्भीर प्रकृतिका घटनाहरुको स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रदान गरी पीडितलाई सहयोग
- सातै प्रदेशका विभिन्न जिल्लाहरुमा गई विभिन्न सेवा प्रदायक निकायहरुको अनुगमनको साथै छलफल

## हिंसाका घटनाहरुमा आयोगबाट भएका पहल तथा सहयोग

1. गोदावरीमा मट्टीतेल खन्याई जलाइएकी मुना मगरलाई लैंगिक हिंसा निवारण कोषबाट रु. पाँच लाख उपलब्ध गराइएको

2. डोटीमा मट्टीतेल खन्याई जलाइएकी लक्ष्मी भाटलाई लैंगिक हिंसा निवारण कोषबाट रु. पाँच लाख उपलब्ध गराइएको

3. बलात्कारको प्रयास भएकी महिलालाई लैंगिक हिंसा निवारण कोषबाट रु. तीनलाख उपलब्ध गराइएको

4. स्वयम्भुमा बोक्सीको आरोपमा चरम यातना दिइएकी महिलालाई लैंगिक हिंसा निवारण कोषबाट रु. पाँच लाख उपलब्ध गराइएको

5. काठमाडौं जोरपाटीबाट सडकमा अलपत्र परेका वृद्ध दम्पत्तिलाई उद्धार गरी वृद्धाश्रममा पुनःस्थापना

6. मानसिक समस्या भई समयमै उपचार नपाई खोरमा थुनिएकी फाल्गुनन्द गाउँपालिका ४ चिलिङ्गदिनकी ३५ वर्षीय नन्दकुमारी नेम्वाङको राष्ट्रिय महिला आयोगको पहलमा २०७८ माघ ९ गते उद्धार भई काठमाडौंमा पुनःस्थापना गृहमा राखी उपचारार्थ

आयोगमा आ.व. २०७७।७८ मा दर्ता भएका उजुरीहरु:

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| श्रावण | १५४ | २९ | १८३ |
| भाद्र | ८८ | १८ | १०६ |
| असोज | ११७ | १७ | १३४ |
| कार्तिक | ४८ | ८ | ५६ |
| मंसिर | १५६ | २८ | १८४ |
| पौष | १३३ | २० | १५३ |
| माघ | १३१ | १२ | १४३ |
| फागुन | ११५ | ७ | १२२ |
| चैत्र | १२३ | २५ | १४८ |
| वैशाख | ७९ | २० | ९९ |
| ज्येष्ठ | ७५ | १९ | ९४ |
| असार | १३३ | १५ | १४८ |
| जम्मा | १३५२ | २१८ | १५७० |

**आयोगद्वारा आ.व. २०७८।७९ मा प्रदान गरिएका सेवाहरु (श्रावण देखि पौष २०७८)**

राष्ट्रिय महिला आयोगमा दर्ता भएका उजुरीहरु

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | 22 | ० | 22 |
| प्रदेश २ | 22 | 9 | 31 |
| वागमती | 559 | ५9 | 618 |
| गण्डकी | 21 | 2 | 23 |
| लुम्बिनी | ५ | 5 | 10 |
| कर्णाली | 3 | ० | 3 |
| सुदूर पश्चिम | २ | 1 | 3 |
| प्रदेश नखुलेको | ० | ३ | ३ |
| जम्मा | 634 | 79 | 713 |

## हेल्पलाइन मार्फत प्रदान गरिएका सेवाहरु

| **सेवाको प्रकार** | **सेवाग्राहीको संख्या** |
|---|---|
| मनोसामाजिक मनोविमर्श सेवा | 111 |
| कानूनी परामर्श सेवा | 411 |
| कानूनी सहयोग (legal case work) | २० |
| अदालतमा प्रतिनिधित्व | ३४ |
| पुनर्मिलापरमध्यस्थता | ६८ |
| आकस्मिक सेवा | ० |
| जानकारीका लागि फोन कल | ८३९ |
| फलोअप कल | २१५२ |

अन्य निकायमा सिफारिस गरिएका उजुरीको संख्या

| **सिफारिश गरिएको संस्था** | **सेवाको प्रकार** | **सेवाग्राहीको संख्या** |
|---|---|---|
| टि.पि.ओ. नेपाल | मनोसामाजिक मनोविमर्श सेवा | 53 |
| कानूनी सहायता परामर्श केन्द्र (LACC) | कानूनी उपचार सेवा | 83 |
| साथी | महिलाको लागि सुरक्षित आश्रयस्थल सेवा | 31 |
| जिल्ला प्रहरी कार्यालय | | ७4 |